**दोस्रो गाउंसभामा २०७५ असार ३० गते उपाध्यक्ष सरस्वती राईज्यूले प्रस्तुत गर्नु भएको आर्थिक बर्ष २०७५/०७६ को बजेट बक्तब्य**

गाउं सभा बैठकका अध्यक्ष एवं फाकफोकथुम गाउंपालिकाका अध्यक्षज्यू,
गाउं सभाका सम्पुर्ण सदस्यज्यूहरु,

१. फाकफोकथुम गाउंपालिकाको आगामी आब. २०७५/०७६ को बार्षिक बजेट तर्जुमा गर्ने सन्दर्भमा यसको पुर्व शर्त तथा मार्गदर्शनको रुपमा रहेको नीति तथा कार्यक्रम सभाको बैठकमा प्रस्तुत भई पारित भई सकेको छ । यसका निम्ति म यस सम्मानित सभा प्रति आभार प्रकट गर्दछु । गाउं सभाको यस बैठकमा आगामी आ.ब. २०७५।७६ को बजेट पेश गर्नु पुर्व अग्रगामी परिवर्तनका साथै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना सम्मको लागि जीवन वलिदान गर्नु हुने सम्पूर्ण शहीदहरु प्रति सम्मानपुर्वक हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

२. स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास प्रकृयामा प्रत्येक नागरिक आफैं संलग्न हुने वातावरण बनेको छ । यो समयलाई आर्थिक, सामाजिक रुपान्तरणको रुपमा उपयोग गरी जनचाहना पुरा गर्ने दायित्व र अवसर दुवै हामी जननिर्वाचित प्रतिनिधिहरुको नै हो ।

३. इतिहासमा पहिलो पटक जनताले आफ्नै घरदैलोमा आफैंले बनाएको अधिकार सम्पन्न सरकार पाएका छन् । यस अघि केन्द्रमा मात्र निहित रहेका अधिकारहरु लाई संविधानद्धारा नै स्थानीय तहलाई प्रदान गरे अनुरुप निर्वाचित स्थानीय सरकारले आफ्नो काम शुरु गरेको एक बर्ष व्यतित भई सकेको छ । आज त्यही स्थानीय सरकारको तर्फबाट फाकफोकथुम गाउंपालिकाको बार्षिक बजेट प्रस्तुत गर्न पाउंदा अत्यन्त हर्षित छु ।

सभाका अध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरु,

४. चालु आर्थिक बर्ष २०७४।७५ को बार्षिक बजेट तथा कार्यक्रम हामीले यसै सभाबाट पारित गरी अहिले कार्यान्वयनको अबस्थामा छौं । अब म आ.ब. २०७४।७५ को बार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयनको समिक्षा र प्रगती संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

क) आ.ब. २०७४।७५ को लागि पहिलो गाउं सभाबाट यस फाकफोकथुम गाउंपालिकाको कुल आय २६ करोड ५० लाख ५८ हजार ३ सय ८९ रुपैया १५ पैसा अनुमान गरी योजना तथा कार्यक्रम संचालनमा रहेका छन् । जस मध्ये संघीय शसर्त अनुदान ९ करोड ९५ लाख ७८ हजार, संघीय समानिकरण अनुदान १५ करोड ६८ लाख १९ हजार, आन्तरीक आय ८६ लाख ६१ हजार ३ सय ८९ रुपैंया १५ पैसा (गतको जिम्मेवारी) रहेको थियो । उक्त शिर्षकहरु मध्ये संघीय शसर्त अनुदान अन्तर्गत शिक्षा शिर्षकमा १ करोड ३२ लाख ४७ हजार थप र कृषि शिर्षकमा ४७ हजार घटी भई रु १ करोड ३२ लाख थप भएको साथै जेष्ठ नागरिक दीर्ध सेवा सम्मान तथा सामाजिक सुरक्षा भत्तामा रु ३ करोड ९ लाख ४९ हजार र थप रु ५ लाख ४३ हजार गरी जम्मा रु ३ करोड १४ लाख ९२ हजार, प्रदेशबाट शसर्त अनुदान ३५ लाख प्राप्त भई आ.ब. ०७४।७५ को संशोधित आय अनुमान ३१ करोड ३२ लाख ५० हजार ३ सय ८९ रुपैंया १५ पैसा रहेको छ ।

ख) उक्त आय मध्ये २०७५ जेष्ठ मसान्तसम्ममा आन्तरीक आय तर्फ रु. ६७९५३८९।१५ अर्थात ७६.९० प्रतिशत र अन्य आय शिर्षकबाट ३०१०८९०००। अर्थात १०० प्रतिशत हासिल भएको छ ।

ग) आन्तरीक आय तर्फ ७६.९० प्रतिशत मात्र प्रगति हुनुमा जिल्ला समन्वय समितिको कार्यालय, इलामबाट राजश्व वांडफांड वापत प्राप्त हुनु पर्ने रु. २० लाख प्राप्त नभएकोले हो ।

घ) आ.ब. २०७४।७५ को लागि पहिलो गाउं सभाबाट यस फाकफोकथुम गाउंपालिकाको कुल यय २६ करोड ५० लाख ५८ हजार ३ सय ८९ रुपैया १५ पैसा अनुमान गरी योजना तथा कार्यक्रम संचालनमा रहेकोमा संशोधित व्यय अनुमान ३१ करोड ३२ लाख ५० हजार ३ सय ८९ रुपैंया १५ पैसा रहि क्षेत्रगत रुप निम्नानुसार रहेको छ ।

१. आर्थिक विकास क्षेत्रः रु ८५ लाख ६२ हजार ६२ ।
२. सामाजिक विकास क्षेत्रः रु.१३ करोड ५१ लाख १८ हजार ५ सय ६३ ।
३. पुर्वाधार विकास क्षेत्र रु.१० करोड ४ लाख ६२ हजार ५ सय ।
४. वातावरण तथा विपद व्यबस्थापन क्षेत्रः रु.२ लाख ९१ हजार ।
५. संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रः रु.१ करोड ५३ लाख २९ हजार ८ सय ७५
६. कार्यालय संचालन तथा प्रशासनीक क्षेत्र ५ करोड ५३ लाख ३७ हजार ८ सय ८९।

सभाका अध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरु,

५. अब म यस सम्मानित सभामा आगामी आर्थिक बर्ष २०७५।७६ को बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क) आ.ब. २०७५/७६ को बजेट क्रममा निम्न बिषयहरुलाई आधार लिएको छु ।

- ✓ नेपालको संविधानमा निर्दिष्ट सिद्धान्त तथा नीति,
- ✓ स्थानीय तहको अधिकार क्षेत्र,
- ✓ दीगो विकासको लक्ष्य,
- ✓ चौधौं योजनाले तोकेका प्राथमिकताहरु,
- ✓ नेपाल सरकारले जारी गरेको आ.ब. ०७५।७६ को बजेट,
- ✓ प्रदेश सरकारबाट प्राप्त बजेट तर्जुमा सम्बन्धि मार्गदर्शन,
- ✓ अर्थ मन्त्रालयबाट प्राप्त आ.ब. ०७५।७६ को बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शन,
- ✓ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएका मार्गदर्शन, परिपत्र तथा दिग्दर्शनहरु,
- ✓ स्थानीय जनताको माग, चाहना तथा आवश्यकता,
- ✓ स्थानीय स्रोतको उपलब्धता,
- ✓ गाउं कार्यपालिकाबाट पारित निति तथा कार्यक्रम ।

६. बजेटका चुनौतिहरु

कमजोर र कठिन भौगोलिक भु-बनोट, भौतिक पुर्वाधारको न्युनता, उत्पादनशिल जनशक्तिको पलायन, छरिएका बस्तीहरु, शासकीय क्षमता अभिबृद्धि गर्ने, सार्वजनिक निर्माणमा गुणस्तर कायम गर्ने, बजेट कार्यान्वय क्षमता अभिबृद्धि गर्ने, सुशासन कायम गर्ने बिषयहरु हाम्रो सामु चुनौतिको रुपमा रहेका छन् ।

७. बजेटका उदेश्यहरु

उपर्युक्त चुनौतिहरुको सामना गर्दै समृद्ध फाकफोकथुम गाउंपालिका निर्माणको अभियानलाई अघि बढाउन बजेटका उदेश्यहरु निम्नानुसार निर्धारण गरेको छु ।

- ✓ दीगो, समावेशी र उच्च दरको आर्थिक बृद्धि हासिल गर्ने,

- ✓ कृषिमा आधुनिकीकरण गरी उत्पादकत्व बृद्धि गर्ने,
- ✓ गुणस्तरीय शिक्षा प्रदान गर्ने,
- ✓ गाउंपालिकाबाट प्रवाह गर्ने सेवामा आम नागरिकको पहुंच बृद्धि गर्ने,
- ✓ योजनाबद्ध रुपमा द्रुत गतिमा पुर्वाधारको विकास गर्ने,
- ✓ सबै प्रकारका विकासमा दीगोपन कायम गर्ने,
- ✓ फाकफोकथुमका आम नागरिकको आर्थिक, सामाजिक अबस्थालाई सुधार गर्ने ।

८. बजेटका प्राथमिकताः बजेटले निम्न बिषयहरुलाई प्राथमिकतामा राखेको छ ।

- ✓ कृषिको आधुनिकीकरण, व्यबसायीकरण र यान्त्रिकरण,
- ✓ दीगो संरचनाको निर्माण,
- ✓ उत्पादन र उत्पादकत्वमा बृद्धि,
- ✓ सामाजिक, आर्थिक बिकास मार्फत जीवनस्तरमा बृद्धि,
- ✓ सडक, कुलो, खानेपानी, बिधुत निर्माण र स्तरउन्नती,
- ✓ सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार तथा सुशासनमा जोड,
- ✓ शैक्षिक गुणस्तरमा सुधार,
- ✓ रोजगारीका अवसरमा बृद्धि,
- ✓ स्वास्थ्य सेवाको पहुंच र गुणस्तरमा सुधार ।

सभाका अध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरु,

९. सर्वप्रथम म यिनै चुनौती, उदेश्य र प्राथमिकताको सेरोफेरोमा रहेर यस गाउंपालिकाको आ.ब. २०७५।७६ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने गइरहेको छु । आ.ब. २०७५।७६ को आयको मुल श्रोत गाउंपालिकाबाट लगाइएका कर र गैर कर राजश्व, संघीय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान, राजश्व बांडफांडबाट प्राप्त हुने रकम, सशर्त अनुदान तथा १ नं. प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदान, राजश्व बांडफांडबाट प्राप्त हुने रकम, सशर्त अनुदान, आ.ब. २०७४।७५ मा खर्च नभई जिम्मेवारी सर्ने रकम र स्थानीय सञ्चित कोषमा समावेश गरी खर्च गर्नु पर्ने रकम रहेको छ । यी सबै शिर्षकबाट प्राप्त हुने रकम समेतका आधारमा आ.ब. २०७५।७६ को लागि रु. ३३ करोड ३७ लाख ४६ हजार ५ सय ७२ रुपैंया २६ पैसा विनियोजन गरेको छु । विनियोजन मध्ये चालु तर्फ रु. २१ करोड ८८ लाख ७४ हजार ५ सय अर्थात ६५.५८ प्रतिशत, पुंजिगत तर्फ रु. ११ करोड ४८ लाख ७२ हजार ७२ रुपैंया २६ पैसा अर्थात ३४.४२ प्रतिशत रहेको छ । अन्तर सरकारी वितीय हस्तान्तरण अन्तर्गतको संघीय शसर्त अनुदानको रकम र जेष्ठ नागरिक दीर्ध सेवा सम्मान तथा सामाजिक सुरक्षा भत्ताको रकम चालु खर्च अन्तर्गत लेखांकन भएकोले चालु खर्चको अंश बढि देखिएको हो ।

१०.अब म क्षेत्रगत आधारमा विनियोजन भएको बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

(क) पुर्वाधार विकास क्षेत्रः

गाउंपालिकाका क्षेत्रमा पुर्वाधार शिर्षकमा संचालन हुने योजनाहरुको निर्माण र स्तरउन्नती सम्पन्न भएपछि गाउंपालिकाको सम्बृद्धिको ढोका खोल्ने विश्वास लिएको छु । पुर्वाधार विकासको क्षेत्रमा रु. ६ करोड ९२ लाख २७ हजार ५ सय २५ विनियोजन गरेको छु ।

(ख) सामाजिक विकास क्षेत्रः

शिक्षा, स्वास्थ्य र स्वच्छ पिउने पानीको सहज पहुंच नागरिकको नैसर्गिक अधिकार हो । यसै गरी सबै किसिमका धर्म संस्कृतीको सम्बर्धन र प्रबर्धन हुनु पर्छ । तसर्थ शिक्षा, स्वास्थ्य, शुद्ध पिउने पानी, संस्कृती लगायत सामाजिक विकास क्षेत्रमा सबैको पहुंच स्थापित गर्न रु. २ करोड २८ लाख २७ हजार ८ सय ७५ विनियोजन गरेको छु ।

(ग) आर्थिक विकास क्षेत्रः

यस गाउंपालिकाको आर्थिक विकासको मेरुदण्ड कृषि तथा पशुपालन नै हो । कृषिलाई परम्परागत निर्वाहमुखी प्रणालीबाट आधुनिक व्यबसायिक प्रणालीमा रुपान्तरण नगरेसम्म यस क्षेत्रको विकास असम्भब छ । तसर्थ आर्थिक क्षेत्रका समग्र विकासका लागि रु. ४१ लाख ३० हजार विनियोजन गरेको छु ।

(घ) वातावरण र विपद व्यबस्थापनः

यस गाउंपालिकामा वातावरणको संरक्षण र विपत व्यबस्थापन कार्य चुनौतीपुर्ण रहेको छ । प्राकृतिक तथा मानव सृजित कारणबाट हुन सक्ने विपद व्यबस्थापन तथा वातावरण संरक्षणका लागि रु. १० लाख ८७ हजार ५ सय ७२ रुपैंया २६ पैसा विनियोजन गरेको छु ।

(ङ) संस्थागत विकास सेवा प्रवाह र सुशासनः

भर्खरै मात्र स्थापना भएको हाम्रो गाउंपालिकामा भौतिक पुर्वाधारको अबस्था, संस्थागत क्षमता र मानव संसाधनको विकासको अबस्था समेत कमजोर रहेको छ । यसको क्रमशः सुधार र व्यबस्थापन गरी गुणस्तरीय सेवा प्रवाह गर्न र सुशासन कायम गर्न रु. ४२ लाख ९९ हजार १ सय बजेट व्यबस्था गरेको छु ।

(च) कोषको व्यबस्थाः

विकासका साझेदार संघ/संस्थाहरुको सहायताबाट लाभ लिन र त्यस्ता साझेदारहरुलाई विकासमा लगानीको प्रोत्साहन समेत गर्न रु. १३ लाख १० हजारको समपुरक कोष स्थापना गर्ने प्रस्ताव गरेको छु ।

(छ) सवारी साधन, मेशिनरी औजार तथा फर्निचरः

भौतिक पुर्वाधार निर्माणमा सहजता ल्याउन तथा सडक लगायतका पुर्वाधारमा दीगोपना स्थापित गर्न साथै गाउंपालिका र वडा कार्यालयलाई व्यबस्थित गर्न सो संग सम्बन्धित मेशिन औजार, फर्निचर खरीदमा १ करोड १९ लाख ९० हजार विनियोजन गरेको छु ।

मैले माथि उल्लेखित गरेका योजना तथा कार्यक्रम संचालन गर्ने रु. १० करोड ५८ लाख ३० हजार विनियोजन गरेको छु ।

११.वडागत रुपमा छनौट हुने योजना तथा कार्यक्रम भौगोलिक अबस्था, जनसंख्या, क्षेत्रफल, केन्द्रसंगको दुरी, वडा कार्यालय भवन निर्माण, आन्तरीक आय समेतका आधारमा वडालाई विकासमा समान ढंगले अघि बढाउने उदेश्यले प्रत्येक वडाबाट नै छनौट गर्ने गरी वडा नं. १, २ र ६ लाई प्रति वडा रु. ३० लाख र वडा नं. ३, ४, ५ र ७ लाई प्रति वडा रु. ४० लाख विनियोजन गरेको छु । आन्तरीक आय लाई प्रोत्साहित गर्न चालु आर्थिक बर्षको हाल सबैभन्दा धैरै आय संकलन गर्ने वडा नं. ६ लाई रु. ५ लाख थप गरी वडा सिलिङ रु. ३५ लाख विनियोजन गरेको छु ।

सभाका अध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरु,

१२.अब म बजेटको स्रोतको व्यबस्था सम्बन्धि योजना प्रस्तुत गर्दछु । प्रचलित कानून अनुसार गाउंपालिकाले आफ्नो क्षेत्रभित्र संकलन गर्ने कर, सेवा शुल्क, दस्तुर, राजश्व वांडफांडबाट प्राप्त हुन सक्ने रकम, संघीय तथा १ नं. प्रदेश सरकारले उपलब्ध गराएको अन्तर सरकारी वितीय हस्तान्तरण साथै आ.ब. को जिम्मेवारी रकम समेत गरी चालु आर्थिक बर्षमा निम्न श्रोतहरुबाट रु. ३३ करोड ३७ लाख ४६ हजार ५ सय ७२ रुपैंया २६ पैसा प्राप्त हुने अनुमान गरेको छु ।जसको विस्तृत विवरण अनुसुची-१ मा संलग्न छ ।

१३.मैले यस सभा समक्ष पेश गरेको उल्लेखित कार्यक्रम र बजेट कार्यान्वयन गर्न निम्नानुसार हुने व्यबस्था मिलाएको छु ।

क)चालु खर्च तर्फ सबै कर्मचारीहरुको तलब, भत्ता, महंगी भत्ता, पोशाक सुविधा, चाडपर्व खर्च, गाउंपालिका तथा वडा कार्यालय संचालन लगायतका शिर्षकमा प्रचलित कानूनले तोकिएको दरमा नबढ्ने गरी रकम समावेश गरिएको छ । यसका साथै यसै शिर्षकमा जननिर्वाचित पदाधिकारीहरुको लागि सेवा, सुविधा र पारिश्रमिकको रकम समावेश गरिएको छ ।

ख)आ.ब. २०७५।७६ देखि उपभोक्ता समिति मार्फत संचालन हुने योजना तथा कार्यक्रमको लागत अनुमान नेपाली भाषामा तयार गरी कार्यान्वयन गरिने व्यबस्था मिलाएको छु ।

ग)स्वीकृत योजना तथा कार्यक्रमहरु चौमासिक कार्य योजना अनुसार कार्यान्वयन हुने व्यबस्था मिलाएको छु ।

घ)संघीय सरकार, प्रदेश सरकार र गाउंपालिकाबाट स्वीकृत कार्यक्रम दोहोरिएमा संघको कार्यक्रमले प्रदेशको, प्रदेशको कार्यक्रमले गाउंपालिकाको कार्यक्रम स्वतः विस्थापित गर्नेछ । सभाबाट स्वीकृत यस्तो विस्तापित कार्यक्रमको कार्यान्वयन गाउं कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

१४.व्यय सम्बन्धि विवरणः

(क)चालु तर्फः यस शिर्षक अन्तर्गत शिक्षक, कर्मचारी तथा निर्वाचित पदाधिकारीहरुको तलब, भत्ता, पारिश्रमिक र अन्य सुविधा, गाउं कार्यपालिका तथा ७ वटै वडा संचालन खर्च तथा चालु प्रकृतीका अन्य खर्चहरुको लागि आन्तरीक श्रोत, बैंक मौज्दात, संघीय तथा प्रदेश समानिकरण अनुदान, संघीय सशर्त अनुदान, संघीय तथा प्रदेश राजश्व वांडफांड समेत बाट रु. २१ करोड ८८ लाख ७४ हजार ५ सय अर्थात ६५.५८ प्रतिशत विनियोजन गरेको छु ।

(ख)पुंजीगत तर्फः प्रस्तावित बिभिन्न योजना तथा कार्यक्रम संचालनको लागि समानिकरण अनुदानबाट पुंजिगत तर्फ रु. ११ करोड ४८ लाख ७२ हजार ७२ रुपैंया २६ पैसा अर्थात 34.42 प्रतिशत विनियोजन गरेको छु ।

(ग)आर्थिक बर्ष २०७५/७६ मा चालु र पुंजीगत समेत गरी रु. ३३ करोड ३७ लाख ४६ हजार ५ सय ७२ रुपैंया २६ पैसा हुने अनुमान गरेको छु । व्ययको समष्टिगत विवरण अनुसुची-२ मा उल्लेख गरेको छु ।

सभाका अध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरु,

१५.विनियोजित बजेट खर्च गर्न र बजेटलाई पुर्णता दिन यसै बजेटको अभिन्न अंगको रुपमा यस सम्मानित सभा समक्ष फाकफोकथुम गाउंपालिकाको विनियोजन विधेयक, २०७५ र आर्थिक विधेयक, २०७५ समेत स्वीकृतीको लागि पेश गरेको छु ।

१६.पदाधिकारीहरुको लागि पारिश्रमिक र अन्य सुविधाः

जननिर्वाचित पदाधिकारीहरु मध्ये कसैले आफ्नो पुरै समय र कसैले आधा भन्दा बढि समय कानूनले तोकेको जिम्मेवारी पुरा गर्न खर्चिनु पर्ने अबस्था रहेको छ । यस्तो अबस्थामा पदाधिकारीहरुलाई प्रदेश कानूनले तोकेको सेवा, सुविधाका अतिरिक्त चालु आर्थिक बर्षका लागि निर्णय भएको निम्नानुसारको मासिक पारिश्रमिकलाई आ.ब. २०७५।०७६ मा पनि निरन्तरता दिन प्रस्ताव गरेको छु ।

| सुविधाको प्रकार /पदाधिकारी | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष | कार्यपालिका सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|
| मासिक पारिश्रमिक | 30,000.0 | 25,000.0 | 20,000.0 | 10,000.0 | 5,0000.0 |

१७.फाकफोकथुम गाउंपालिकामा रहने कर्मचारी दरबन्दीः

आ.ब. ०७५।७६ मा फाकफोकथुम गाउं कार्यपालिका र वडा कार्यालयहरुमा रहने एकिकृत दरबन्दी स्वीकृतीको लागि तपसिल बमोजिम पेश गरेको छु ।

गाउं कार्यपालिका तर्फ

| सि. नं. | पदनाम | श्रेणी/तह | दरबन्दी |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प. तृतीय | १ |
| २ | शाखा अधिकृत | रा.प. तृतीय (शिक्षा) वा अधिकृत छैठौ/सातौं/आठौं | १ |
| ३ | ईञ्जिनीयर | रा.प. तृतीय (सिभिल, जनरल, वि.आ., स्यानिटरी, सिंचाईं, हाईवे) वा अधिकृत छैठौं | १ |
| ४ | नायब सुब्बा | रा.प.अनं. प्रथम (प्रशासन) वा सहायक पांचौं | ६ |
| ५ | नायब सुब्बा | रा.प.अनं. प्रथम (न्याय/प्रशासन) | १ |
| ६ | प्रा.स./नायब सुब्बा | रा.प.अनं. प्रथम (शिक्षा/प्रशासन) | १ |
| ७ | म.वि.नि./स.म.वि.नि. वा खरिदार | रा.प.अनं. प्रथम वा रा.प.अनं. द्धितीय वा खरिदार | १ |
| ८ | लेखापाल | रा.प.अनं. प्रथम | १ |
| ९ | आन्तरीक लेखा परीक्षक | रा.प.अनं. प्रथम/सहायक पांचौं | १ |
| १० | सव-ईञ्जिनियर (सिभिल, जनरल) | रा.प.अनं. प्रथम (प्रा) सहायक पांचौं | १ |
| ११ | सव-ईञ्जिनियर (सिभिल, आर्किटेक्ट) | रा.प.अनं. प्रथम (प्रा) सहायक पांचौं | १ |
| १२ | सह लेखापाल | रा.प.अनं.द्धितीय | १ |
| १३ | सामाजिक परिचालक | सहायक पांचौं | १ |
| १४ | कम्प्युटर अपरेटर | सहायक पांचौं | १ |

| | | | |
|---|---|---|---|
| १५ | निजी सहायक | सहायक चौथो | २ |
| १६ | हेभि सवारी चालक | श्रेणी विहिन | २ |
| १७ | हल्का सवारी चालक | श्रेणी विहिन | १ |
| १८ | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ |

वडा कार्यालयतर्फ

| सि. नं. | पदनाम | श्रेणी/तह | दरबन्दी |
|---|---|---|---|
| १ | नायब सुब्बा/खरीदार | रा.प.अनं. प्रथम (प्र.) वा अधिकृत छैठौं वा रा.प.अनं.द्धि(प्र.)/सहायक पाचौं/चौथो | ७ |
| २ | सव-ईञ्जिनियर/ अ.सव-ईञ्जनियर | रा.प.अनं. प्रथम(प्रा) वा अधिकृत छैठौं वा सहायक पांचौं/चौथो (प्रा.) | ७ |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ |

सभाका अध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरु,

१८.यस गाउंपालिकालाई प्राप्त अनुदान, रावश्व बांडफांड र आन्तरीक श्रोतबाट मात्र संचालन गर्न असम्भब भएका ठुला विकास योजना/परियोजनाहरु संचालनको लागि प्रदेश सरकार, संघीय सरकार र दातृ निकाय समेतलाई अनुरोध गरिनेछ । त्यस्ता ठुला र महत्वपुर्ण योजनाहको सुची गाउं कार्यपालिकाले तयार गरे बमोजिम हुनेछ ।

१९.प्रस्तुत बजेट तथा कार्यक्रम निर्माण कार्यमा आफ्नो महत्वपुर्ण सुझाव उपलब्ध गराउनु हुने राजनीतिक दल, गाउंपालिकाका पदाधिकारी तथा सदस्यहरु, अन्य प्रबुद्धवर्ग, बिषयगत शाखाका संयोजकहरु, संघ/संस्थाहरु, सम्पर्ण फाकफोकथुमबासी लाई धन्यवाद दिन चाहन्छु । सो कार्यमा अहोरात्र खटिरहने गाउंपालिकाका सम्पुर्ण कर्मचारीलाई बिशेष धन्यवाद दिन चाहन्छु ।

२०.अन्त्यमा, फाकफोकथुमको विकास र सम्बृद्धिमा निरन्तर सहयोग पुर्याउनु हुने सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट आवश्यक सहयोग, सद्भाव र सहकार्य हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यबाद !

सरस्वती राई
उपाध्यक्ष
फाकफोकथुम गाउंपालिका, इलाम

अनुसुची-१

समष्टिगत आय अनुमान

| सि.नं. | आय विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघीय सरकार शसर्त अनुदान | १३,२१,००,०००।०० | |
| २ | संघीय सरकार समानिकरण अनुदान | ८,५६,००,०००।०० | |
| ३ | संघीय सरकार राजश्व बांडफांड | ५,६३,८९,०००।०० | |
| ४ | संघीय सरकार सामाजिक सुरक्षा अनुदान | ३,३०,००,०००।०० | |
| ५ | १ नं. प्रदेश सरकार शसर्त अनुदान | १,००,००,०००।०० | |
| ६ | १ नं. प्रदेश सरकार समानिकरण अनुदान | ३३,२६,०००।०० | |
| ७ | १ नं. प्रदेश सरकार राजश्व बांडफांड | ६०,१५,०००।०० | |
| ८ | आन्तरीक आय | १५,००,०००।०० | |
| ९ | बैंक मौज्दात | ५८,१६,५७२।२६ | |
| जम्मा | | 33,37,4६,572।26 | |

अनुसुची-२

समष्टिगत व्यय अनुमान

| सि.नं. | खर्च शीर्षक | आ.व. ०७५/७६ को अनुमान | |
|---|---|---|---|
| **क्षेत्रगत व्यय** | | | |
| **१** | **आर्थिक विकास** | | **4130000.00** |
| | कृषि | 3250000.00 | |
| | पर्यटन | 600000.00 | |
| | सहकारी | 280000.00 | |
| **२** | **सामाजिक विकास** | | **22827875.00** |
| | शिक्षा | 2738500.00 | |
| | स्वास्थ्य | 2794000.00 | |
| | खानेपानी तथा सरसफाइ | 4373000.00 | |
| | संस्कृति प्रवर्द्धन | 3864000.00 | |
| | खेलकुद तथा मनोरञ्जन | 3608375.00 | |
| | लैगिक समानता तथा सामाजिक समावेशीकरण | 5450000.00 | |
| **३** | **पूर्वाधार विकास** | | **59227525.00** |
| | स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल | 34346525.00 | |

| | | | |
|---|---|---|---|
| | सिंचाई | 1911000.00 | |
| | भवन तथा सहरी विकास | 19062000.00 | |
| | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | 3320000.00 | |
| | सञ्चार | 588000.00 | |
| **४** | **वातावरण तथा विपद व्यवस्थापन** | | **1087572.26** |
| | जलाधार संरक्षण | 200000.00 | |
| | वातावरण संरक्षण, जलवायु परिवर्तन | 100000.00 | |
| | फोहरमैला तथा ढल व्यवस्थापन | 1500000.00 | |
| | विपद व्यवस्थापन | 637572.26 | |
| **५** | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | | **17599100.00** |
| | सुशासन प्रवर्द्धन | 1767500.00 | |
| | अन्यत्र वर्गिकृत नभएको | 15831600.00 | |
| **६** | **प्रदेश शसर्त अनुदान** | | **10000000.00** |
| **७** | **सामाजिक सुरक्षा अनुदान** | | **33000000.00** |
| | **क्षेत्रगत व्यय जम्मा** | | **147872072.26** |
| | **संघीय सशर्त अनुदान** | | |
| १ | नविकरणीय उर्जा कार्यक्रम | 1063000.00 | |
| २ | कृषि तथा पशु विकास कार्यक्रम | 1950000.00 | |
| ३ | वातावरणीय सरसफाइ कार्यक्रम | 300000.00 | |
| ४ | वन विकास कार्यक्रम | 200000.00 | |
| ५ | महिला बालबालिका तथा जेष्ठ नागरिक | 988000.00 | |
| ६ | शिक्षा तथा खेलकुद | 107731000.00 | |
| ७ | जनस्वास्थ्य | 17554000.00 | |
| ८ | आयुर्वेद औषधालय | 2314000.00 | |
| | **संघीय सशर्त अनुदान जम्मा** | | **132100000.00** |
| | **चालु खर्च** | | |
| १ | पारिश्रमिक कर्मचारी | 8000000.00 | |
| २ | पारिश्रमिक पदाधिकारी | 4890000.00 | |
| ३ | पोशाक | 300000.00 | |
| ४ | महंगी भत्ता | 720000.00 | |
| ५ | पदाधिकारी बैठक भत्ता | २७६८०००.०० | |
| ६ | पदाधिकारी अन्य सुबिधा | 1194000.00 | |
| ७ | पदाधिकारी अन्य भत्ता | 1548000.00 | |
| ८ | अन्य भत्ता | 550000.00 | |

| | | | |
|---|---|---|---|
| ९ | पानी तथा बिजुली | 250000.00 | |
| १० | संचार महसुल | 700000.00 | |
| ११ | इन्धन (कार्यालय प्रयोजन) | 5500000.00 | |
| १२ | सवारी साधन मर्मत खर्च | 300000.00 | |
| १३ | बिमा तथा नवीकरण खर्च | 200000.00 | |
| १४ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | 700000.00 | |
| १५ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | 500000.00 | |
| १६ | मसलन्द तथा कार्यालय सामाग्री | 2570000.00 | |
| १७ | इन्धन - अन्य प्रयोजन | 100000.00 | |
| १८ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | 2100000.00 | |
| १९ | सेवा र परामर्श खर्च | 3600000.00 | |
| २० | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | 800000.00 | |
| २१ | करार सेवा शुल्क | 5700000.00 | |
| २२ | सामाजिक परिचालकको गत आ.ब. को तलब | 36000.00 | |
| २३ | कर्मचारी तालिम खर्च | 200000.00 | |
| २४ | विविध कार्यक्रम खर्च | 1845000.00 | |
| २५ | अनुगमन, मूल्यांकन खर्च | 2000000.00 | |
| २६ | भ्रमण खर्च | 200000.00 | |
| २७ | विविध खर्च | 2312000.00 | |
| २८ | सभा सञ्चालन खर्च | 200000.00 | |
| २९ | सामाजिक सुरक्षा | 1000000.00 | |
| ३० | अन्य सामाजिक सुरक्षा | 1000000.00 | |
| ३१ | घर भाडा | 846500.00 | |
| ३२ | सवारी साधन तथा मेशिनर औजार भाडा | 500000.00 | |
| ३३ | ढुवानी खर्च | 205000.00 | |
| ३४ | भैपरी आउने चालु खर्च | 440000.00 | |
| **चालु खर्च जम्मा** | | | **53774500.00** |
| **कुल खर्च जम्मा** | | | **333746572.26** |